नेपाल सरकार

# रामधुनी भासि नगरपालिका कार्यालय

झुम्का, सुनसरी

दोश्रो पटक पुनः प्रकासित

प.स.

च.नं. ६३३८

मिति : २०७३/०३/२१

विषय : ठेक्का लगाउने वारेको ७ दिने सुचना ।

यस नगरपालिकाको मिति २०७३/०३/२१ गते वसेको वैठकको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत तपसिल वमोजिमको साप्ताहिक हाट बजार, गुद्री बजारको कर संकलन तथा पटके सवारी कर संकलन गर्न मिति २०७३।०३।०६ गते प्रकासित गरिएको सुचना बमोजिम प्राप्त भएका बोल पत्र स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ को नियम १६८(१) बमोजिम नगरपालिकाबाट अस्वीकृत भएकोले स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ (४) (ज) वमोजिम दोश्रो पटक बोलपत्र आह्वानको लागि प्रस्तुत सार्वजनिक सुचना प्रकासित गरिएको छ । ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही वोलपत्र फर्म तोकिएको मिति र समयमा छुटा छुट्टै दर्ता गराउन हुन् अनुरोध छ ।

## तपसिल

| क.सं. | ठेक्काको नाम | न्यूनतम ठेक्का अंक वार्षिक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने मिति | बोलपत्र दर्ता गर्ने मिति | शिलबन्दि बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | शनिवारे बुधवारे साप्ताहिक हटिया तथा दैनिक गुद्रि बजार | ९५५५५५।०० | ७५०।०० | २०७३।०३।२१ गते देखि २०७३।०३।२७ गते सम्म | २०७३।०३।२३ गते देखि २०७३।०३।२७ गते दिनको १२ बजे सम्म | २०७३।०३।२८ गते दिनको ११ बजे |
| २. | लालपुरमा लाग्ने शुकवारे र सोमवारे साप्ताहिक हटिया तथा दैनिक गुदि बजार | ४५५५५।०० | ३००।०० | " | " | " |
| ३ | रामधुनी प्रकाशपुर र महेन्द्रनगर जाने नाका पटके सवारी कर | १,११,१११।०० | ५००।०० | " | " | " |
| ४ | झुम्का डुम्राहा जाने नाका पटके सवारी कर | ३११०१।०० | ३००।०० | " | " | " |
| ५ | झुम्का मधेशा जाने नाका पटके सवारी कर | १५१०१।०० | ३००।०० | " | " | " |

## ठेक्काको सर्तहरु

१. बोलपत्र फारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएका विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यकमकोलागि गणना गरिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा नेपालीको हकमा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) र गैह्र नेपालीको हकमा १०% घरौटी रकम यस नगरपालिकाको नाममा रहेको रा.वा.बैकं ईनरुवा स्थित धरौटी खाता च.हि.नं. २२२०३०३००३३५ (५१ ग-३) मा दाखेला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम संलग्न राखि तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको १.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि वोलपत्र बोलपत्र कार्यालय तथा दल प्रतिनिधिहरुको साक्षि किनाराको रहोवरमा खोलिने छ ।

प्रमुख कार्यकारी अधिकृत

नगरपालिका

नेपाल सरकार

# रामधुनी भासि नगरपालिका कार्यालय

झुम्का, सुनसरी

**पन्ना नं. २**

३.आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिको हुनुपर्ने छ। अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ। बोलपत्र फारम भर्ने नेपालीले नागरिक्ताको प्रमाणपत्र तथा बोलपत्र फरम खरिद गरेको नगदि रसिद अनिवार्य संलग्न राख्नु पर्ने छ।

४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन।

५. रामधुनी भासि वा.नं. २ हाटखोला भित्र रहेको स्टल (टहरा) मा रहेको पसलमा कर दस्तुर उठाउन पाउने छैन्।

६. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन।

७. कर संकलन गर्न प्रयोग गर्ने रसिद आफैले व्यवस्था गर्नु पर्ने छ। कर दस्तुर नगर परिषदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ। रसिद न.पा. वाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाईने छ।

८. वोलपत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा टेन्डर दाखेला (दर्ता) गर्नु पर्ने छ। नाम फेरी वोल पत्र दाखेला गराएमा त्यस्तो वोल पत्रलाई मान्यता दिईने छैन्।

९. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ३ (तिन) दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाउनु पर्ने छ। एक मुष्ठ वुझाए वापत १० प्रतिशत छुट दिइनेछ।

१०. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ।

११. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी जफत गरी दोश्रो स्थानको (बोलपत्र भर्ने व्यक्ति वा संस्था) संग सम्झौता गरी ठेक्का दिईने छ वा पुन बोलपत्र गरिनेछ।

१२. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ।

१३. हटिया तथा गुद्री वजारको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ।

१४. हटिया तथा गुद्री वजार व्यवस्थापन भई नगरपालिकाले अन्य क्षेत्रमा सरेर गएमा सोही स्थानमा गई गुद्री वजार तथा हटियाको कर दस्तुर उठाउनु पर्ने छ।

१५. नेपाल सरकारले निषेध गरेका कुनै पनि काम हाट, बजार,दैनिक गुद्रि बजार तथा अन्य ठेक्कामा गर्न पाईने छैन्।

१६. सुचनामा लेखिए वाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

नौट : अन्य विस्तृत कुरा वुझनु पर्ने भएमा फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकामा आई वुझन सकिने छ।

.........................

प्रमोद कुमार चौधरी

कार्यकारी अधिकृत

प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
रामधुनी-भासि नगरपालिका